# कार्यक्रम प्रतिवेदन

१.कार्यक्रमको नाम : अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम।

२.कार्यक्रम मिति : १) २०८३/०१/२५ गते, शुक्रवार, झापा।

२) २०८३/०१/२८ गते, आइतबार, विराटनगर।

३.कार्यक्रम संचालन भएको स्थान : १.होटल होलिडे होम विर्तामोड, झापा ।

२. होटल इस्टर्न स्टार, विराटनगर ।

४.कार्यक्रमको उद्देश्य :

- कोशी प्रदेश आर्थिक ऐन, २०८२ को प्रावधान तथा कार्यान्वयनबारे छलफल/अभिमुखीकरण।
- राजस्वमा काम गर्ने कर्मचारीलाई राजस्व प्रशासन सम्बन्धी अभिमुखीकरण गर्ने।
- राजस्व परिचालन, चुहावट नियन्त्रण तथा अनुगमनका लागि समन्वय गर्नुपर्ने विषयमा छलफल।
- लघु उद्यम, निजी तथा साझेदारी फर्म दर्ता सम्बन्धी नमूना कार्यविधिबारे अभिमुखीकरण।
- उद्योग, व्यवसाय दर्ता/नवीकरण, इजाजत लगायतको प्रावधान र अभ्यासबारे छलफल।
- राजस्व सम्बन्धी नीति तथा कानूनमा रहेका नयाँ प्रावधान/असल अभ्यास/अनुभव आदान-प्रदान गर्ने।
- राजस्व सङ्कलनमा रहेका मुख्य समस्या/चुनौती, द्विविधा भएका कुराहरु, राजस्व परिचालनलाई प्रभावकारी बनाउने उपायहरु, सुझावहरु, अन्तरनिकाय समन्वय/सहजीकरण गर्नुपर्ने विषयहरु।

५.सहभागी संख्या :४५ जना (२०८३/०१/२५ गते) र ६६ जना (२०८३/०१/२८ गते)।

६.कार्यक्रमको विवरण र  कार्यतालिका :

| विवरण | समय |
|---|---|
| नास्ता/खाना वा  चिया/नास्ता | |
| उपस्थिति/रजिष्ट्रेशन | |
| राष्ट्रिय गान, परिचय र कार्यक्रमको उद्देश्य/कार्यतालिका प्रस्तुत | ११:०० बजे |
| राजस्व प्रशासन सम्बन्धी प्रस्तुतीकरण | ११:१५ बजे |
| **राजस्व सम्बन्धी खुला छलफल** | ११:४५ |
| राजस्व नीति, कानून तथा राजस्व प्रशासनका विषयमा | |
| प्रदेश आर्थिक ऐनको प्रावधान लगायतका विषयमा | |
| **खाना/नास्ता** | १२:३० बजे |
| लघु उद्यम, निजी तथा साझेदारी फर्म दर्ता नमूना कार्यविधिबारे प्रस्तुतीकरण | १:०० बजे |
| **उद्योग, वाणिज्य प्रशासन सम्बन्धी खुला छलफल** | १:३० |
| उद्योग व्यवसाय दर्ता/नवीकरण सम्बन्धी | |
| नमूना कार्यविधिका विषयमा | |
| निष्कर्ष तथा समापन | २:३० बजे |

८. कार्यक्रममा सहभागिहरुबाट प्राप्त सुझावहरुः

- पालिकाका राजस्व शाखा र उद्योग क्षेत्र हेर्ने कर्मचारीलाई राजस्व प्रशासन र व्यवसायिक फर्म/लघु उद्योग प्रशासन सम्बन्धी बृहत छलफल तथा तालिमको आवश्यकता।
- प्रदेश आर्थिक ऐनमा समावेश गरिनु पर्ने करका दर तथा प्रवधानमा पालिका संग छलफल तथा समन्वय हुनुपर्ने ।
- करका दर, उद्योग दर्ता, खारेज तथा नविकरण प्रक्रिया बारेमा पालिकाको कर्मचारिको अन्यौलता तथा दुविधा प्रदेश सरकारले समाधान गरिदिनु पर्ने।
- सामुदायिक वन तथा अन्य वन क्षेत्रको पर्यापर्यटनको आयको २० प्रतिशत रकम स्थानिय विभाज्य कोषमा दाखिला गर्नुपर्ने।
- कोशी प्रदेश वन ऐन,२०७७ र स्थानिय सरकार संचालन ऐन,२०७४ मा वन स्वामित्व बारेको दुविधाको अन्त्य ।
- मनोरञ्जन कर उठाउने बारेमा पालिका अनुसार फरक फरक दर रहेको तथा प्रदेश कानुन अनुसार नउठेको।
- प्रदेश सरकार र स्थानिय बिचमा राजस्वका दरमा एकरुपता नहुनु तथा समन्वयको अभाव रहेको।
- प्रदेश सरकारले स्थानिय तहका लागि नमुना कानुन बनाइदिनु पर्ने।
- प्रदेश सरकारले समय समयमा राजस्वका कर्मचारिहरुका लागि अभिमुखिकरण तथा ऐन कानून बारे जानकारीका लागि पहल गर्ने।
- वन कार्यालयको सहयोगमा ढुङ्गा, गिट्टि,बालुवा उत्खनन्,बिक्री तथा व्यवस्थापन तथा खोलाको IEE का लागि पहल गर्नुपर्ने।

१०.आर्थिक विवरण : आर्थिक सहयोग मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सहयोग कार्यक्रम (PSP), कोशी प्रदेश, विराटनगर।

११. कार्यक्रमको उपलब्धिः

- झापा, इलाम, सुनसरी, मोरङ र उदयपुरका सबै पालिका, जिल्ला समन्वय समितीको कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, आन्तरिक राजस्व कार्यालयका राजस्व शाखा र उद्योग क्षेत्र हेर्ने कर्मचारीलाई राजस्व प्रशासन र व्यवसायिक फर्म/लघु उद्योग प्रशासन सम्बन्धी अभिमुखीकरण एवं अन्तरक्रिया कार्यक्रम संचालन गरिएको।
- प्रदेश आर्थिक ऐनमा समावेश गरिनु पर्ने करका दर तथा प्रवधान बारे छलफल गरिएको।
- मनोरञ्न कर, विज्ञापन कर,पर्यटन शुल्क तथा ढुङ्गा, गिट्टि,बालुवा लगयत प्रकृतिक स्रोत विक्री शुल्क(दहतर बहतर शुल्क) का संकलन तथा स्थानीय विभाज्य कोष राजस्व दाखिला तथा बाँडफाँड सम्बन्धमा छलफल गरिएको।
- ढुङ्गा, गिट्टि,बालुवा उत्खनन्,बिक्री तथा व्यवस्थापन तथा खोलाको IEE भए नभएको र चोरी निकासी सम्बन्धमा छलफल गरिएको।
- आन्तरिक राजस्व कार्यालयको कर्मचारीहरुसंग VAT, उद्योग दर्ता बारेमा रहेका अन्यौलता बारेमा छलफल गरिएको।

## तस्विरहरु/ फोटोहरुः
















राजस्व प्रशासनका कर्मचारीको काम, कर्तव्य र अधिकार
करदाता दर्ता गर्ने।
करदाताबाट विवरण प्राप्त गर्ने,
कर परीक्षण तथा अनुसन्धान गर्ने,
राजस्व सङ्कलन गर्ने,
राजस्व सम्बन्धी अभिलेख दुरुस्त राख्ने,
राजस्व सम्बन्धी अन्य कार्य गर्ने।